नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(पत्रिकामा प्रकाशित मिति २०७७।०३।२२)

आ.व. २०७७/७८ को लागि आवश्यक मसलन्द सामानहरु, ईलेक्ट्रोनिक्स तथा कम्प्युटर संग सम्बन्धित सामानहरु र छपाई सम्बन्धि कार्यहरुको तपशिल बमोजिमको छुट्टा छुट्टै प्याकेजमा सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले आय कर तथा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका सम्बन्धित विषयका इच्छुक फर्म, कम्पनी वा संस्थाले मन्त्रालयबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गरी दाखिला गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । इच्छुक फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५औं दिनको कार्यालय समय भित्र फाराम खरिद गरी १६औं दिनको १२:०० बजे भित्र दरभाउपत्र फाराम दाखिला गर्नु पर्नेछ । दर्ता हुन आएका दरभाउपत्रहरु १६औं दिंनको २.०० बजे खोलिनेछ । दरभाउपत्र सम्बन्धि विस्तृत विवरण सहितको सूचना यस मन्त्रालयको वेवसाईट www.tourism.gov.np मा हेर्न सकिने छ । थप जानकारी लिन चाहेमा मन्त्रालयको फोन नम्बर ०१-४२११६१४ (ext. १४२) मा सम्पर्क गर्न सकिने छ ।

| सि.नं. | खरिद संख्या | कामको नाम | जमानत रकम रु. | दरभाउपत्रको दस्तुर रु. |
|---|---|---|---|---|
| 1 | SS/SQ/8- 076/77 | Stationary supply | 60,000 | 1000 |
| 2 | ITS/SQ/9-076/77 | IT accessories & electronics supply | 50,000 | 1000 |
| 3 | PS/SQ/10-076/77 | Printing supply | 18,000 | 1000 |

२०७७।०३।२९

प्रमाणीकृत

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरवार, काठ्माण्डौ

**IT accessories & electronics सप्लाई सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

(प्रकाशित मिति २०७७।०३।......)

आ.व.०७७।७८ को लगि यस मन्त्रालयलाई आवश्यक पर्ने IT accessories & electronics सामानहरु शिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले आय कर तथा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट निम्नानुसारका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र दाखिला गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. शिलबन्दी दरभाउ पत्र फाराम रु १०००।- (फिर्ता नहुने) तिरी खरिद गर्नु पर्ने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र खरिद गरी १६औं दिनको १२.०० बजे भित्र दाखिला गरी सक्नु पर्नेछ ।

३. शिलबन्दी दरभाउ पत्र साथ शिलबन्दी दरभाउ पत्र दाताले नगदै रु ५०,०००।- (पचास हजार) बराबरको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय सिंहदरबार, काठमाडौंको नाममा रहेको एभरेष्ट बैंक लिमिटेड, सिंहदरवार स्थित धरौटी खाता नं. ००१००१०५२०१२६८ मा जम्मा गरेको भौंचर वा सो वरावरको शिलबन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको वाणिज्य बैंकद्धारा यस मन्त्रालयको नाममा जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) सहित संस्था दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनु पर्नेछ । शिलबन्दी दरभाउ पत्र दाताले लागत अनुमान भन्दा कम अंक कवुल गरेमा सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७ (४) बमोजिमको थप रकम कार्य सम्पादन जमानत बापत दाखिला गर्नुपर्नेछ ।

४. शिलबन्दी दरभाउ पत्र साथ सम्वन्धित शिलबन्दी दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र पेशा सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको घोषणा कागजातमा अनिवार्य रुपमा हस्ताक्षर गरी सहिछाप लगाएको हुनु पर्नेछ ।

५. पर्न आएका शिलबन्दी दरभाउ पत्रहरु सूचना प्रकाशित भएको १६औं दिन को २.०० बजे मन्त्रालयको भवन सिंहदरवारमा शिलबन्दी दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । निजहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

६. शिलबन्दी दरभाउ पत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा परेमा सो पछि क्रमशः कार्यालय खुलेको दिनलाई मानिने छ ।

७. बिल अफ क्वाण्टिटिजमा निर्दिष्ट भए अनुसार प्रति इकाई दर तथा जम्मा कबोल रकम उल्लेख गरी सो को जोड जम्मा रकममा मूल्य अभिबृद्धि कर (VAT) समेत जोडि कूल जम्मा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।

८. रित नपुगेको, म्याद नाघि प्राप्त भएको वा केरमेट भै अंक/अक्षर नबुझिने तथा शिलबन्दी दरभाउ पत्र दाताको हस्ताक्षर नभएको शिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

९. शिलबन्दी दरभाउ पत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार मन्त्रालयमा सुरक्षित रहनेछ ।

१०. शिलबन्दी दरभाउ पत्र फाराम खरिद कार्य यस मन्त्रालयको आर्थिक प्रशासन शाखा सिंहदरवार र पर्यटन विभाग, भृकुटीमण्डपबाट हुने छ । तर शिलबन्दी दरभाउ पत्र दाखिला सम्वन्धी कार्य मन्त्रालयको खरिद ईकाइ सिंहदरवारमा मात्र हुनेछ ।

११. यो सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बामोजिम हुने छ । विस्तृत जानकारी लिन चाहेमा मन्त्रालयको खरिद ईकाइमा सम्पर्क राख्न सकिनेछ ।

२०७७।०३।२९

E:\store document\sealed tander document of 77.78\it accessories & electronics tander.docx